**राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरज्यूले**
**७७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस समारोहमा**
**दिनुभएको मन्तव्य**

समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीज्यू,
संवैधानिक निकायका प्रमुखज्यूहरु,
राजनैतिक दलका प्रतिनिधिज्युहरु,
UNDP Resident Representative to Nepal, Ms Kyoko Yokosuka
निजामती सेवाका उच्च पदस्थ अधकारीज्युहरु,
सुरक्षा निकायका पदाधिकारीहरु,
कुटनीतिक नियोगका प्रमुखज्यूहरु,
गैरसरकारी संस्था महासङ्घका अध्यक्ष अर्जुन भट्टराईज्यू,
मानव अधिकार महाभेलाका संयोजक शोभा बिसिज्यू,
नागरिक समाज, गैरसरकारी संस्थाका प्रतिनिधिहरु,
पेशागत संघसंस्थाका प्रतिनिधिहरु, मानव अधिकारकर्मी र सञ्चारकर्मी मित्रहरु,
यस समारोहमा समुपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरु ।

सर्वप्रथम उपस्थित यहाँहरु सबैमा ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आजको दिन संयुक्त राष्ट्र संघद्वारा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ७७ वर्ष पूरा भएको दिन हो । आजभन्दा ७७ वर्ष पहिला आजकै दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिनलाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको रुपमा मनाइदै आएको छ ।

यस वर्षको अन्तर्राष्ट्रिय मानव अधिकार दिवस समारोहमा आयोगको आमन्त्रणलाई स्वीकार गरी प्रमुख अतिथिका रुपमा उपस्थित सम्माननीय प्रधानमन्त्रीज्यूमा म मेरो व्यक्तिगत र आयोग परिवारका तर्फबाट समेत हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस बर्षको अन्तराष्ट्रिय दिवसको विषय Human Rights, Our Everyday Essentials (मानव अधिकार, हामी सबैको अपरिहार्य आधार) रहेको छ । यस विषयले मानव अधिकारको मूल्यलाई पुष्टयाई गर्दै मानव अधिकारले दैनिक जीवनमा प्रभाव पार्ने र सबैको सहभागिता गराउने लक्ष्य राखेको छ ।

अधिकार र दायित्वको समुचित प्रयोग र परिपालनाबाट मात्रै मानव अधिकारमैत्री समाजको निर्माण हुनसक्छ । आजको यो विशेष दिनले हामी सबैलाई आफ्नो अधिकार र दायित्वप्रति समान रुपले संवेदनशील बन्न प्रेरणा प्रदान गरोस् भन्ने मेरो हार्दिक कामना छ ।

संयुक्त राष्ट्र संघको सदस्य रहेको र मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र समेत भएको हुँदा हाम्रो मुलुकसँग मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति सम्बन्धी दायित्व पूरा गर्ने अभिभारा रहेको छ । राष्ट्रले ती दायित्वहरू पूरा गरे-नगरेको सम्बन्धमा निगरानी र खबरदारी गर्ने तथा दायित्व बहन गराउँनका लागि उत्तरदायी बनाउने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगसँग रहेको हुँदा मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका सवालमा नेपाल सरकार र राष्ट्रिय मानव अधिकार आयोग सहयात्रीको रुपमा रहेका छन् । सन्धिजनित निकायमा सरकारको तर्फबाट पेश गर्नुपर्ने प्रतिवेदनहरु समयमानै पेश हुन सकेका छैनन् । यस सन्दर्भमा म नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

विश्वव्यापी आवधिक समीक्षाको हरेक चक्रमा राष्ट्रिय मानव अधिकार संस्थाको तर्फबाट आयोगले प्रतिवेदन पेश गर्ने गरेको छ । समीक्षाको तेस्रो चक्रमार्फत प्राप्त नेपाल सरकारले स्वीकार गरेका सिफारिसहरुको कार्यान्वयनका लागि म नेपाल सरकारलाई अनुरोध गर्दछु । हालसम्मको कार्यान्वयनको अवस्था मध्यनजर गर्दा सबै उपलब्धिहरु हासिल गर्न सरकारको सार्थक प्रयास आवश्यक देखिन्छ । मानव अधिकार परिषद्को ५१ औं सत्रमा विश्वव्यापी आवधिक समीक्षा अन्तर्गत नेपालको चौथो चक्रको छलफल हुने कार्यतालिका आउँदो जनवरीका लागि तोकिएको छ । आयोगले चौथो चक्रको समीक्षाको प्रतिवेदन यस अघिनै पेश गरिसकेको छ ।

भदौ २३ र २४ गतेको जेन जी आन्दोलन पश्चात नयाँ सरकार गठन भई निर्वाचनको कार्यादेश समेत पाएको छ । आगामी फागुन २१ को लागि तय भएको प्रतिनिधि सभाको निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र आवश्यक शान्ति सुरक्षाको व्यवस्थाका लागि सरकारको विशेष ध्यान केन्द्रित हुनुपर्दछ । आयोगले विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न यस अघि गरेको सिफारिशको कार्यान्वयनका लागि सम्माननीयज्यूलाई स्मरण गराउँदछु ।

नेपालले नागरिक तथा राजनीतिक अधिकारको प्राथमिकताका साथ सुनिश्चितता सम्बन्धी कार्य  गरेको भएता पनि आर्थिक सामाजिक तथा साँस्कृतिक र सामूहिक अधिकारको सुनिश्चितता गर्ने कार्य आसातित रुपमा भएको देखिँदैन् । नेपालले समसामयिक मानव अधिकारका सवालहरु जलवायु परिवर्तन, व्यवसाय र मानव अधिकार, भ्रष्टाचार र मानव अधिकार, जस्ता विषयहरुलाई प्राथमिकतामा राखी  कार्य गर्नु जरुरी छ। सरकारको तर्फबाट हुने बजेट तथा कार्यक्रम तर्जुमामा मानव अधिकारमुखी पद्धतिको विषयले प्राथमिकता नपाएका कारण  सिमान्तकृत र अल्पसङख्यक समुदायको मानव अधिकार उपभोग गर्ने कुराको सुनिश्चित हुन सकेको छैन ।

**सम्माननीय प्रधानमन्त्रीज्यू**

नेपालको मानव अधिकारको कुरा गर्दा संक्रमणकालीन न्यायको विषयलाई अलग गर्न मिल्दैन । दश वर्षे सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकार उल्लङ्घनका घटनाका पीडितहरुको न्याय र परिपूरणको विषय हामी सबैको साझा सरोकार र जिम्मेवारीको विषय भएको छ । संक्रमणकालीन न्यायलाई यथाशिघ्र निष्कर्षमा पुऱ्याउन आवश्यक छ ।

पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवधि समाप्त भएको पाँच महिना विति सक्दा पनि छैटौं योजना जारी हुन सकेको छैन । पाँचौ राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन हुँदा सम्म पनि प्रादेशिक सरकार र स्थानीय तहमा योजनाको विषयमा यथोचित जानकारी हुन नसक्नु विडम्बना हो ।

दिगो विकास लक्ष्य सन् २०१५-२०३० ले सबै प्रकारका गरिवीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गरेको छ । दिगो विकासका १७ वटै लक्ष्यहरु मानव अधिकारसँग सम्बन्धित रहेकाले तिनको कार्यान्वयनमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन गर्न आवश्यक छ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू**

आयोगले सीमित स्रोतसाधन र चुनौतीका बाबजुत मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्य गरिरहेको छ । तर आयोगले मानव अधिकार पीडतिको न्याय सुनिश्चितता गर्न अनुसन्धान गरी नेपाल सरकारलाई गरेको सिफारिसहरु कार्यान्वयन नहुनु चिन्ताको विषय हो । आयोगको सिफारिस कार्यान्वयन नहुँदा एकातिर पीडितहरुले क्षतिपूर्ति प्राप्त गर्न सकिरहेका छैनन् भने अर्कोतिर मानव अधिकार उल्लङ्घनका पीडकहरुलाई कानूनको दायरामा ल्याउन नसकिँदा दण्डहीनताले प्रश्रय पाइरहेको अवस्था छ । कानूनी शासनको प्रत्याभूति र दण्डहीनताको अन्त्य गर्न सकिएन भने  सन् १९४८ मा जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई हामिले न्याय गर्न नसकेको ठहर्छ । कानूनी शासनको प्रत्याभूति नहुँदा लोकतन्त्र र मानव अधिकारको अवस्था पनि सुढृढ हुन सक्दैन ।

सरकारी तथा निजी क्षेत्र र नागरिक समाजसँगको सुसम्बन्धबाट मात्रै मानव  अधिकार संस्कृतिको विकास सम्भव छ । राज्यको मूल ध्येय भन्नु जनअपेक्षाको सम्बोधन गर्नु नै हो । विधिको शासन र मानव अधिकारमैत्री कार्यप्रणालीबाट नै जनअपेक्षाको सही सम्बोधन हुने कुरामा दुई मत हुन सक्दैन । सदाझैं मानव अधिकार संस्कृतिको विकासका लागि हातेमालो गरिरहन म यहाँहरु सबैमा अनुरोध गर्दछु ।

मानव अधिकारको संरक्षण र संवर्धनको कार्यमा नेपाल सरकारबाट आयोगलाई  हालसम्म प्राप्त सद्भाव र सहयोगका लागि म हार्दिक कृतज्ञता अर्पण गर्दछु । आयोगलाई अझ सबल, सक्षम र प्रभावकारी बनाउन भविष्यमा समेत निरन्तर सहयोग भइरहने मेरो विश्वास छ ।

मानव अधिकारको संरक्षण, प्रवर्द्धन तथा प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि सरोकारवाला निकायहरुबीच समन्वय, सहकार्य र सहअस्तित्वको अवधारणा अनुरुप सहकार्य हुनु जरुरी छ । यसका लागि आ-आफ्नो स्थानबाट योगदान गर्ने निजामती सेवा, सुरक्षा निकाय तथा अन्य सरकारी सेवाका सकल राष्ट्रसेवकहरुको म हार्दिक सराहना गर्दछु ।

मानव अधिकार तथा मौलिक अधिकारको संरक्षण र कार्यान्वयनको दायित्व संघ, प्रदेश र स्थानीय तहमा रहेको र सोको प्रभावकारी कार्यान्वयनले मात्र विधिको शासन, मानव अधिकारको प्रत्याभुति, सुशासन र  सामाजिक समृद्धिको लक्ष्य प्राप्त गर्न सकिन्छ ।

मानव अधिकारप्रति नागरिकको बढ्दो चासो लाई मध्यनजर गर्दै आयोगको संस्थागत सुदृढिकरणको लागि आवश्यक स्थायी भवन लगायत आर्थिक, प्राविधिक तथा मानवीय श्रोतको व्यवस्थापन गर्न म नेपाल सरकार समक्ष अनुरोध गर्दछु ।

आयोगको कार्यमा निरन्तर सहयोग गरिरहने बुद्धिजीवी, साहित्यकार, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चार जगत्, उद्योगी-व्यवसायी र सम्पूर्ण स्वदेशी तथा विदेशी संघ संस्थाहरूप्रति आयोग कृतज्ञ छ ।

अन्त्यमा, आफ्नो अमूल्य समय प्रदान गरी यो समारोहमा समुपस्थित सम्माननीय प्रधानमन्त्रीज्यू र सम्पूर्ण आमन्त्रित सहभागिहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु ।

धन्यवाद !

बुधबार, २४ मङ्सिर २०८२